Email-moitte4@gmail.com
Website-mofesc.gandaki.gov.np
+९७७-६१-५९०३०४
५९०३०५
५९०३०६

गण्डकी प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश

पोखरा, नेपाल ।
7MW56X3F+W8

पत्र संख्या ०७९/८०/प्र.
चलानी नं.

# गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ बमोजिम तह बृद्धि गर्ने सम्बन्धी सूचना

मिति: २०७९/०९/२४

सुचना नं.- ०१/२०७९/०८० (तहवृद्धि)

गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा २७ बमोजिम तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा तोकिए बोजिमको न्यूनतम सेवा अवधि पुरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मुल्याङ्कनमा तोकिए वमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्वन्धित सेवा, समुह वा उपसमुह भित्रको पदमा तहवृद्धि गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३२ बमोजिमको नकारात्मक सूचीमा नपरेका तहबृद्धि हुनेभन्दा एक तह मुनिको सम्वन्धित सेवा, समुह वा उपसमूहको पदमा कार्यरत गण्डकी प्रदेश निजामती सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस मन्त्रालयको वेवसाइट www.mofesc.gandaki.gov.np मा रहेको तहवृद्धिको आवेदन फाराममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत मन्त्रालय/कार्यालयको महाशाखा/कार्यालय प्रमुखवाट प्रमाणित गराई २ दुई प्रति तयार गरी मिति २०७९/०९/२९ गतेसम्ममा यस मन्त्रालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिएबमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरीने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ। साथै मुख्यमन्त्री तथा मन्त्रिपरिपदको कार्यालय, गण्डकी प्रदेश, पोखराको गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ वमोजिम तहवृद्धि गर्ने सम्वन्धी मिति २०७९/०६/२६ मा प्रकाशित सूचना अनुसार आवेदन दिएका कर्मचारीहरुले तहवृद्धिको लागि यस सूचना बमोजिम पूनः आवेदन दिन नपर्ने व्यहोरा समेत सूचित गरिन्छ ।

## उम्मेदवार कर्मचारीले आवेदन दिदा ध्यान दिनुपर्ने विषयहरु:

१. गण्डकी प्रदेश निजामती सेवाको अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा तहबृद्धिको लागि क्रमश: सहायकस्तर पाँचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको हुनु पर्नेछ ।

२. गण्डकी प्रदेश निजामती सेवाको अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमश: सहायकस्तर पाँचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको

Email-moitte4@gmail.com
Website-mofesc.gandaki.gov.np
+९७७-६१-५९०३०४
५९०३०५
५९०३०६

प्रदेश सरकार

# वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल ।
7MW56X3F+W8

पत्र संख्या ०७९/८०/प्र.
चलानी नं.

पदको पाँच वर्षको कार्यसम्पादन मुल्याङ्कनमा कम्तीमा पन्चानव्वे प्रतिशत औपत अङ्क प्राप्त गरेको हुनु पर्नेछ।

३. सेवा अवधि गणना गर्दा समायोजन हुनु पुर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ ।

४. गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३२ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।

५. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

६. आवेदन फारम साथ तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपि, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि दुई/दुई प्रति र प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३२ बमोजिम नकारात्मक सूचिमा नपरेको भनी उम्मेदवार स्वयंले स्व:घोषणा गरी पेश गर्नुपर्नेछ ।

०८०/०१/२८

**प्रदेश सचिव**

गण्डकी प्रदेश सरकार

............................ मन्त्रालय

पोखरा

**(तहवृद्धि आवेदन फाराम)**

*(न्यूनतम सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने तहवृद्धि (स्वास्थ्य सेवा बाहेक) को लागि)*

## १. सूचनाको विवरणः

तहवृद्धिको सूचना नम्बरः-    तहवृद्धि हुने तहः-

सेवाः-    समूहः-

उपसमूहः-    पदः-

## २. उम्मेदवारको विवरणः

उम्मेदवारको हालसालै खिचेको फोटो टाँसी कार्यालय/महाशाखा प्रमुखबाट प्रमाणित गर्नुपर्ने।

उम्मेदवारको नाम,थर (देवनागरीमा):-

उम्मेदवारको नाम,थर (अंग्रेजी ठूलो अक्षरमा):-

ठेगानाः- ..................................    वहाल रहेको कार्यालयः- ..........................

बाबुको नामः- ..........................    हालको सेवाः- ......................................

आमाको नामः- ..........................    समूह/उपसमूहः-.........................................

बाजेको नामः- ..........................    पदः- ................................................

नागरिकता नम्बरः- ........................    कर्मचारी संकेत नम्बरः- ...........................

जारी जिल्लाः- .............................    पान नम्बरः- ......................................

मोबाइल नम्बरः-............................    ईमेल ठेगानाः-......................................

## ३.सेवाको विवरण (शुरुदेखि हालसम्मको)

| क्र.स. | पदको नाम, श्रेणी/तह, सेवा, | कार्यालयको नाम | नियुक्ति वा बढुवाको मिति | बहाल रहेको मिति | असाधारण बिदा वसेको भए सो को अवधि | कसरी आएको (खुल्ला/ बढुवा/ | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | समूह, उपसमूह | | | देखि | सम्म | देखि | सम्म | समायोजन/अस्थायी) | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने सेवा अवधिः-** ................वर्ष,..............महिना,............. दिन।

**५. गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३२ अनुसार तहवृद्धिको लागि योग्य भएको/ नभएको अवस्था**:-(*उपयुक्त बक्समा चिन्ह लगाउनुहोस्*)

क) तपाईं हाल निलम्वनको अवधिमा रहनुभएको छ ☐/छैन ☐।

ख) तपाईंले नसिहत पाउनुभएको भए तीन महिना बितेको छ ☐/ छैन ☐ ।

ग) तपाईं हाल बढुवा रोक्का भएको अवधिमा हुनुहुन्छ ? छ ☐/ छैन ☐।

घ) तपाईंको हाल तलबवृद्धि रोक्का भएको छ ☐/ छैन ☐।

ङ) नियमानुसार तपाईंले सेवा/समूह परिवर्तन गर्नुभएको भए तीन वर्ष पुगेको छ ☐/ छैन ☐ ।

च) पेशासँग सम्बन्धित व्यवसायी परिषद्ले हाल तपाईंलाई निलम्बन गरेको छ ☐/ छैन ☐।

**६. माथि उल्लिखित विवरणमा कुनै कुरा झुट्टा लेखिएको ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः-**

कर्मचारीको नाम, थरः- सही र मितिः-

संकेत नम्बरः- ल्याप्चे सहीछाप

पदः-

| दायाँ | बायाँ |
|---|---|
| | |

**७. उपरोक्त व्यहोरा मन्त्रालय/कार्यालयमा रहेको निजको रेकर्ड अनुसारको हो र यसमा निजले मेरो रोहबरमा सहीछाप गरेको ठीक साँचो हो भनी प्रमाणित गर्ने कार्यालय/महाशाखा प्रमुखको:-**

नाम,थर:-

संकेत नम्बर:-

दस्तखत:-

मिति:-

| कार्यालय/मन्त्रालयको छाप |
|---|
| |

## ८. तहवृद्धिको निर्णय *(मन्त्रालयको प्रयोजनको लागि मात्र)*

(क) आवेदक कर्मचारीले समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पूरा गरेको सेवा अवधिः- ......................वर्ष, ................महिना, ..............दिन।

(ख) आवेदक कर्मचारीको पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः-

(अ) आर्थिक वर्ष २०७८/७९ को अंक..................

(आ) आर्थिक वर्ष २०७७/७८ को अंक.................

(इ) आर्थिक वर्ष २०७६/७७ को अंक....................

(ई) आर्थिक वर्ष २०७५/७६को अंक.....................

(उ) आर्थिक वर्ष २०७४/७५को अंक.....................

(ग) उपरोक्त बमोजिम पाँच आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त औषत अंक..........।

आवेदक कर्मचारीको गण्डकी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा २७ को उपदफा (१) बमोजिमको तोकिएको न्यूनतम सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कनको अंक प्राप्त गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट देहायबमोजिम समान सेवा, समूह, उपसमूह र पदमा एकतह वृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मितिः- तहवृद्धिको निर्णय लागू हुने मितिः-

तहवृद्धि हुने तहः- सेवाः-

समूह/उपसमूहः- पदः-

.......................................  ..............................................

तहवृद्धिको सिफारिस गर्ने  तहवृद्धिको निर्णय गर्ने

(मन्त्रालयको प्रशासन महाशाखा प्रमुख)  (मन्त्रालयको सचिव)

नामः-  नामः-

कर्मचारी संकेत नम्बरः-  कर्मचारी संकेत नम्बरः-

श्रेणी/तहः-

(मन्त्रालयको छाप)

**नोट**:-*यो फाराम वेबसाइटबाट डाउनलोड गरी निर्दिष्ट विवरण भरी सम्भव भएसम्म नेपाली कागजमा २ प्रति प्रिन्ट गर्नुपर्नेछ। दुबै प्रति आफू हाल कार्यरत कार्यालयको कार्यालय/महाशाखा प्रमुखबाट प्रमाणित गराई तालुक मन्त्रालयको प्रशासन शाखामा बुझाउनुपर्नेछ। तहवृद्धिको निर्णय भएपछि सम्बन्धित मन्त्रालयले एक प्रति आफ्नो मन्त्रालयमा राखी अर्को प्रति प्रदेश किताबखानमा रेकर्डको लागि पठाउनेछ।*